# फलेवास नगरपालिका
# नगर कार्यपालिका कार्यालय
### खानीगाउँ, पर्वत

## सडक संरक्षण सेवाशुल्क संकलन सम्बन्धी शील बन्दी दरभाउ पत्र आह्वानको सूचना ।

**प्रथम पटक प्रकाशित मिति :-२०७५/०५/१९**

फलेवास नगरपालिकाको तेस्रो नगरसभा तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ९ मा नगरपालिकाको अधिकार क्षेत्र भित्र सेवा सुविधा उपलब्ध गराउने वा त्यस्तो सेवा उपयोग गरे वापत लाग्ने सेवाशुल्क उठाउने व्यवस्था भए बमोजिम नगरक्षेत्रभित्रका ग्रामीण सडकहरुको दिगो संरक्षण, सम्वर्द्धन एवं प्रर्वद्धन गर्ने उद्देश्यले सडक संरक्षण सेवा शुल्क संकलनको लागि तपसिल बमोजिम तोकिएको न्यूनतम अंक नघट्ने गरी निम्न लिखित शर्तहरुको अधिनमा रही ठेक्का नम्वर अनुसार छुट्टा छुट्टै दरभाउ पत्र खरिद गरी इजाजत प्राप्त इच्छुक व्यक्ति, फर्म, संस्था वा कम्पनीहरुले तपसिल वमोजिमका शर्तको अधीनमा रही सिलवन्दी बोलपत्र पेश गर्नुहुन १५ (पन्ध्र) दिने सूचित प्रकाशन गरिएको छ ।

**शर्तहरुः**

१ दरभाउपत्र फाराम तपसिल बमोजिमको दस्तुर (फिर्ता नहुने गरी) छुट्टाछुट्टै तिरी यो सूचना प्रकाशित भएको मितिले १५ औं दिनसम्म कार्यालय समयभित्र खरिद गर्न सकिने छ ।
२ सिलवन्दी दरभाउपत्र १६ औं दिनको दिउँसो १२:०० बजेसम्म पेश गरिसक्नु पर्ने र सोही दिनको दिउँसो २:०० बजे नगरकार्यपालिकाको कार्यालय खानीगाउँ, पर्वतमा दरभाउपत्र खोलिने छ । उक्त दिन सार्वजनिक विदा परेमा सो को भोलिपल्ट उक्त कार्य हुनेछ ।
३ दरभाउपत्रसाथ आफूले कवोल गरेको अङ्कको ५% धरौटी फलेवास नगरपालिकाको नेपाल बैंक लिमिटेड, कुश्मा, पर्वतमा रहेको धरौटी खाता नं.०६६०३०००००००००३००००४ जम्मा गरेको सक्कल बैंक भौचर पेश गर्नु पर्नेछ । साथै बैंक ग्यारेन्टीलाई समेत मान्यता दिइने छ भने नगदै कार्यालयमा समेत बुझाउन सकिनेछ ।
४ कबोल गरेको अङ्क र अक्षरमा स्पष्ट लेख्नु पर्नेछ । अङ्क र अक्षरमा फरक पर्न गएमा अक्षरलाई मान्यता दिइनेछ ।
५ दरभाउपत्र स्वीकृत भएपछि ठेक्का सम्झौताको समयमा कवोल रकम एकमुष्ट बुझाउनु पर्नेछ ।
६ रित नपुगी वा म्याद नाघी आएको दरभाउपत्र उपर कुनै कारवाही हुने छैन ।
७ नियमानुसार लाग्ने सम्पूर्ण कर एकमुष्ठ ठेकदार स्वयम्ले व्यहोर्नु पर्नेछ ।
८ सडक संरक्षण सेवा शुल्क संकलन गर्दा भ्याट वाहेक टेक्सी रु ५०, जीप रु ६०, मिनी बस रु १००, ठूलो बस रु १२५।-, मिनी ट्रक ५ टन भन्दा कमको रु १२५, मिनी ट्रक ५ टन माथिको रु १५०, ठूलो ट्रयाक्टर रु २०० अधिकतम प्रति इकाइ प्रति ट्रिपको दरले सडक संरक्षण सेवा शुल्क संकलन गरिनेछ ।
९ उल्लेखित अलग-अलग ठेक्काहरूको लागि दररेटको विस्तृत विवरण सम्बन्धित व्यक्ति, संस्था, फर्म र कम्पनि यस कार्यालयमा सम्पर्क राखेको समयमा लेखा शाखाबाट उपलब्ध गराइनेछ ।
१० दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने अधिकार यस कार्यालयमा निहित रहनेछ । ठेक्काका अन्य शर्तहरू सम्झौताका वखत निर्धारण हुनेछ ।
११ अन्य कुराहरू वुझ्नु परेमा कार्यालय समयभित्र सम्पर्क राख्न सकिने छ ।
१२ यस सूचनामा उल्लेखित शिलबन्दी दरभाउपत्र फलेवास नगरकार्यपालिकाको कार्यालयमा खरिद एवं दर्ता गर्न सकिने छ ।
१३ यस सूचनामा नपरेका अन्य कुराहरू प्रचलित कानुन बमोजिम हुनेछ ।
१४ इच्छुक दरभाउ पत्र पेश गर्दा दुवै ठेक्काको लागि छुट्टाछुट्टै रुपमा पेश गर्नु पर्नेछ ।
१५ दरभाउ पत्र पेश गर्दा संलग्न गर्नुपर्ने कागजातहरुः-

- फर्म दर्ता प्रमाणपत्र र फर्म नविकरण प्रमाणपत्र,
- आ.व. २०७३/०७४ कर चुक्ता प्रमाणपत्र
- स्थायी लेखा नं. तथा प्यान, भ्याट दर्ता प्रमाणपत्र

| क्र.सं. | ठेक्का नं. | (secter)क्षेत्र | न्युनतम कवोल रकम | बोलपत्र दस्तुर रु. |
|---|---|---|---|---|
| १ | ०३।०७५।७६ | मल्यांगदीखोला फलेवास सडक र मल्यांगदीखोला नुवार चुचनदेउराली सडक | ६,००,००० | १००० |
| २ | ०४।०७५।७६ | कार्किनेटा फलेवास वगाले घण्टे सडक र खौला कार्किनेटा सडक | ३,२०,००० | १००० |

फलेवास नगरकार्यपालिकाको कार्यालय, पर्वत